Date ________

बैठक संख्या:

आज मिति २०७८ साल [illegible] आईतबारका दि॰ घ्याङलेख गाउँकार्यपालिकाको वैठक कार्यवाहक अध्यक्ष श्री दुर्गादेवी सुनुवारज्यूको अध्यक्षतामा वसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गादेवी सुनुवार | का. वा. अध्यक्ष | |
| २ | श्री रामकाजी वाइवा | सदस्य | |
| ३ | श्री एक बहादुर खड्का | सदस्य | |
| ४ | श्री कृष्ण वहादुर थिङ | सदस्य | |
| ५ | श्री चक्रवहादुर पाखिन | सदस्य | |
| ६ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ७ | श्री जेसुन्दरी मायावाइवा | सदस्य | |
| ८ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| ९ | श्री जानुकाथापा मगर | सदस्य | |
| १० | श्री हिमालीमायावि.क. | सदस्य | हिमाली |
| ११ | श्री गंगामायावि.क. | सदस्य | गंगा |
| १२ | श्री सुन मायाथिङ | सदस्य | सुन |
| १३ | श्री राम कुमर कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्यउपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | |
| २ | श्री भरतजंग थापा | प्रशासन सहायक पाचौं | |

## घ्याङलेख गाउँपालिका,गाउँ कार्यपालिकाको बैठकको
## प्रस्ताव तथा निर्णयहरु
## मिति २०७८।०५।२० आईतबार

बैठकका कार्यसूची (प्रस्ताव) हरु :

१. बाढी, पहिरोबाट भएको क्षतिको विवरण लिई राहत उद्धार, पुनर्स्थापना गर्ने सम्बन्धमा ।
२. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई बाकी वडामा विस्तार गर्ने सम्वन्धमा ।
३. राष्ट्रिय परिचयपत्रका लागि खटिई आएका कर्मचारीहरुको खाना, खाजा, ढुवानी खर्च भुक्तानी गर्ने सम्वन्धमा ।
४. वर्षादका कारण बिग्रिएका बाटोहरु मर्मत गर्ने सम्वन्धमा ।
५. वडा नं. २, ३ र ४ मा दैनिक ज्यालादारीमा खटिएका सहायक कम्प्यूटर अपरेटर कर्मचारीहरुको ज्यालादारी करार सम्झौता अनुमोदन गर्ने सम्वन्धमा ।
६. प्राविधिक कर्मचारीहरुलाई वडा वडामा खटाउने सम्वन्धमा ।
७. गाउँपालिका भित्रका मुख्य मुख्य चारवटा बाटोको निर्माण कार्य अघि बढाउन प्राविधिकबाट सर्वेको लागि मिति तोक्ने सम्वन्धमा ।
८. स्वास्थ्य चौकी, बर्थिङ सेन्टर र गाउँ स्वास्थ्य इकाईमा रिक्त रहेका पदको विज्ञापन गर्ने सम्वन्धमा ।
९. फापरचुली भ्यू टावर निर्माण गर्न कार्य आदेश दिईएका घ्याङलेख निर्माण सेवा प्रा.लि.लाई निर्माण कार्य अगाडी बढाउन ताकेता गर्ने सम्वन्धमा ।
१०. विविध सम्वन्धमा ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

उपाध्यक्ष

## बैठकका निर्णयहरु

निर्णय नं.१ :-

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस वर्ष आएको अविरल वर्षाका कारण आएको बाढी पहिरोका कारण गाउँपालिका भित्र निर्माण भएका सडकहरु बाढीले बगाई लगेको, पहिरोका कारण ठाउँठाउँमा भत्किई पहिरोले पुरी बिग्रिएको र स्थानीयहरुको निजी सम्पति लगायतको क्षति भएकोले के कति क्षति भएको हो? सबै वडा कार्यालयहरुले ७ (सात) दिन भित्र क्षतिको एकिन विवरण संकलन गरी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने र क्षतिको एकिन विवरण प्राप्त भए पछि बाटोघाटो मर्मत सम्भार लगायत स्थानीय नागरिकहरुको क्षतिको लागि राहत, उद्धार र पुनर्स्थापना गर्न लाग्ने समय, लागत रकम समेतको एकिन गरी गाउँपालिकाको स्रोत साधनले पुगे सम्म गाउँपालिकाबाट मर्मत लगायत राहत वितरणका कार्य गर्ने र ठुला क्षतिको निर्माण गरी दिन र राहत उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय, सिन्धुली मार्फत प्रदेश सरकार र नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२ :-

प्रस्ताव नं. २ माथि छलफल गर्दा गरीबीका लागि लघु उद्यम विकास कार्यक्रमहरु गत आ.व.मा वडा नं. १, २ र ३ मा संचालन गरिएकोमा गत वर्ष संचालन भएका कार्यक्रमहरुलाई चालु वर्षमा पनि निरन्तरता दिनु पर्ने भएमा कार्यक्रम संचालन गर्दै चालु आ.व.मा वडा नं. ४ र ५ मा समेत विस्तार गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.३ :-

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रमका लागि डाटा संकलन लगायतका कार्यका लागि खटिई आएका कर्मचारीहरुको खाना, खाजा, ढुवानी खर्च स्थानीय पालिकाले व्यहोर्नु पर्ने भनी जिल्ला प्रशासन कार्यालय, सिन्धुलीबाट समेत मौखिक जानकारी हुन आएकोले वडा वडामा कायम भएका स्टेशनहरुमा खटिई आएका कर्मचारीले काम गरेका दिनको खाएको खाना, खाजा खर्च र सामान ढुवानी गर्दा लागेको गाडी ढुवानीको रकम वडा कार्यालयहरुले एकिन गरी यथार्थ लागेका बिल भर्पाइ सहित भुक्तानीको लागि सिफारिश भई आए पछि गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.४ :-

प्रस्ताव नं. ४ माथि छलफल छलफल गर्दा यस वर्ष आएको अविरल वर्षाका कारण आएको बाढी पहिरोका कारण गाउँपालिका भित्र निर्माण भएका बाटोघाटो, सडकहरु बाढीले बगाई ठाउँ ठाउँमा बगाई लगेको, पहिरोका कारण ठाउँठाउँमा भत्किई पहिरोले पुरिएकोले गत वर्ष झै गाउँपालिकाको मातहतमा रहेको व्याक हु लोडरमा गाउँपालिकाबाट लाग्ने ईन्धन र मर्मत खर्च उपलब्ध गराई प्राथमिकताको आधारमा पहिलो प्राथमिकता पिपलभन्ज्याङ-हायुटार- सोलाभन्ज्याङ-बेलबोट हुदै रामपुर जाने सडक मर्मत गर्ने तत्पश्चात पालिका हुदै काठमाडौं जाने मुल सडक मर्मत गर्ने र सम्भव भएमा क्रमश: सबै सडक मर्मत सम्भार कार्यमा लगाउने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

दुर्गादेवी सुनुवार
उपाध्यक्ष

Date
Page

गाउँपालिकाको कार्यालय
सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं.५ :-

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. २, ३ र ४ मा दैनिक ज्यालादारीमा खटिएका सहायक कम्प्यूटर अपरेटर कर्मचारीहरुको ज्यालादारी करार सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.६ :-

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कार्यालयको योजना तथा पूर्वाधार विकास शाखामा रहेका निम्न अनुसारका ईन्जिनियर लगायत प्राविधिक कर्मचारी निम्न अनुसारको वडा कार्यालयहरुमा आवश्यक्ता अनुसार वडामा रही कामकाज गर्ने र वडाको विकास निर्माण कार्यको रेखदेख र कामको जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निम्न

| कर्मचारीको नाम थर | वडा नं. | कर्मचारीको नाम थर | वडा नं. |
|---|---|---|---|
| भरत श्रेष्ठ, ईन्जिनियर | योजना तथा पूर्वाधार विकास शाखा रही तोकिएको समय भित्र सम्पन्न हुने गरी विकास निर्माणका काम संचालन गर्नुका साथै आवश्यक्ता अनुसार वडाको विकास निर्माणका कामका ल.ई, अन्तिम बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने र गर्न लगाउने | | |
| राजाराम सापकोटा, सव ईन्जिनियर | १ र २ | ईन्द्रकला भट्टराई सव ईन्जिनियर | २ र ३ |
| मिलन पुलामी, सव ईन्जिनियर | ३ र ४ | रमेश ओली सव ईन्जिनियर | ४ र १ |
| सुन्दर वम्जन, सव ईन्जिनियर | ५ र प्रधानमन्त्री रोजगार कार्यक्रम | शम्भु व.योन्जन सव ईन्जिनियर | ५ |

आ-आफुलाई तोकिएको वडामा विकास निर्माणका काम हुदा कामको रेखदेख, अनुगमन लगायत प्राविधिकले गर्नु पर्ने भनी तोकिएका कामहरु सम्पन्न गरी पालिकाको शाखामा पेश गर्नु पर्ने र समय समयमा पालिकामा समेत रही कार्य गर्नु पर्ने ।

निर्णय नं.७ :-

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा नेपाल सरकार र प्रदेश सरकारवाट समपुरक अनुदान र विशेष अनुदानवाट स्वीकृत भई आएका तपसिलका योजनाहरुको सर्वे, डिजाईन र लगत स्टीमेट यथाशीघ्र सम्पन्न गरी निर्माण कार्यका लागि वोलपत्र आहवान गर्नु पर्ने भएको हुदाँ तपसिलमा सडक योजनाका लगत स्टीमेट गर्नको लागि सर्वे गर्न प्राविधिकलाई फिल्डमा खटाउनु पर्ने भएकोले तोकिएका कर्मचारीहले तपसिल अनुसारको मितिमा सम्वन्धित वडाका वडा अध्यक्ष/वडा सदस्य समेतको रोहवरमा आवश्यक्ता अनुसार के कुन निर्माण कार्य गर्ने हो? एकिन गरी तोकिएका योजनाको सर्वे कार्य सम्पन्न गर्न फिल्डमा पठाउने निर्णय गरियो ।

तपसिल

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | खटिई जाने मिति |
|---|---|---|
| १ | खट्टार देखि अमले थलागाउँ हुदै फापरचुली सम्म सडक निर्माण क्रमागत | २०७८ साल भाद्र २४ देखि २६ गते सम्म |
| २ | चन्दनपुर-सल्ले-केरावारी-गौरी-भैसे-वस्तीपुर-सातदोबाटो सम्मको सडक निर्माण | २०७८ साल भाद्र २९ देखि आश्विन २ गते सम्म |
| ३ | चिलाउने पचभैया लप्से हुदै र-सातदोवाटो सम्मको सडक | २०७८ साल आश्विन ३ देखि |

कुमकिनी कुमार
उपाध्यक्ष

| | | |
|---|---|---|
| | निर्माण | आश्विन ५ गते सम्म |
| ४ | रामपुर पाखुरे रामभेडे हुदै काकलिङ सम्मको सडक निर्माण | २०७८ साल आश्विन ६ देखि आश्विन ९ गते सम्म |

निर्णय नं.८ :-

प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्वास्थ्य चौकी, बर्थिङ सेन्टर र गाउँ स्वास्थ्य इकाईमा रिक्त रहेका पदको एकिन गरी यथाशीघ्र पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.९ :-

प्रस्ताव नं. ९ माथि छलफल गर्दा फापरचुली भ्यू टावर निर्माण गर्न कार्य आदेश दिईएका घ्याङलेख निर्माण सेवा प्रा.लि.ले गत गत विगत वर्ष नै ठेक्कामा लिएकोमा कोरोना भाईरस महामारी र बाटो बिग्रिएका कारण हाल सम्म निर्माण कार्य अगाडी बढाउन नसकेकोले निर्माण कार्यको म्याद थप गरी र परिवर्तित डिजाईन अनुसार यथाशीघ्र निर्माण कार्य अगाडी बढाउन ताकेता गर्ने निर्णय गरियो ।

निर्णय नं.१० :-

प्रस्ताव नं. १० विविध माथि छलफल गर्दा तपसिल अनुसार गर्ने निर्णय गरियो ।

क) कृषि र पशु सेवा शाखाको काम गर्नको लागि पाँचौ तहको १/१ प्राविधिक दरबन्दी श्रृजना गरी पदपूर्ति गर्ने ।

ख) सबै वडा कार्यालयहरुबाट आ-आफ्नो वडामा राष्ट्रिय विद्युत प्रशारण लाईन विस्तार हुन नसकेको स्थानको पहिचान गरी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने र गाउँ कार्यपालिकाबाट विद्युत विस्तारको लागि सहयोग गरी दिन नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाउने ।

ग) रामपुर बजारमा बाटो निर्माणको क्रममा खानेपानीका लाईन खनिई पाईपहरु नसिई पानी वितरण कार्य अवरुद्ध भएकोले खानेपानी लाईन के कति बिग्रिएको छ लगत स्टीमेट गरी मर्मत सम्भार शिर्षकबाट खानेपानी पाईपलाईनको मर्मत कार्य गर्ने ।

घ) गाउँपालिका भित्र खानेपानी सेवा नपुगेका स्थानमा नेपाल स्वास्थ्यका लागि पानी संस्थाको सहकार्यमा खानेपानी सेवा उपलब्ध गराउन योजना संचालनका लागि घरधुरी संख्या, खानेपानीको स्रोत (मुहान कुन ठाउँ हो?) र लाभान्वित जनसंख्या समेत एकिन गरी सात दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने र गाउँ कार्यपालिकाको कार्यालयबाट नेपाल स्वास्थ्यका लागि पानी (नेवा) लाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

ङ) नेपाल सरकारबाट विशेष अनुदान अन्तर्गत प्राप्त भएको सेफ हाउस र प्रदेश सरकारबाट विशेष अनुदानबाट प्राप्त भएको बर्थिङ सेन्टर निर्माणको लागि प्राप्त हुने रकमबाट गाउँपालिकाको भवन रहेको स्थानमा डि.पि.आर.मा पालिका निर्माण हुने भनी उल्लेख भएको मुख्य प्रशासनिक भवन निर्माणको लागि स्थान छुट्याई बाकी रहेको उपयुक्त स्थानमा निर्माण गर्ने र सो ले नपुग हुने भएमा बाँकी रहेको स्थानको वरपर निर्माण गर्न जग्गादाता खोजी सो स्थानमा निर्माण गर्ने निर्णय गरियो ।

च) सबै वडाहरुले टोल विकास संस्था खडा गरी विकास निर्माणका कार्यमा लगाउने ।

छ) गाउँपालिका भित्र रहेका सबै संस्थागत तथा सामुदायिक विद्यालयहरुले हाल सिकाईका वैकल्पिक उपाय मध्ये आलोपालोमा कक्षा संचालन भई रहेकोमा हाल कोभिड-१९ को अवस्था सहज हुदै गएको अवस्था संगै विद्यालयका सबै कक्षा विद्यालय वरिपरीको परिवेशमा संक्रमणको अवस्था हेरी पुनः नियमित अवस्थामा फर्काउने गरी प्र.अ.बैठकमा भएका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

उपाध्यक्ष